REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 23.10.2024

---

## Randomisation Of Polling Personnel

राज्यमा आउँदो महीना तेह्र तारीक हुने सोरेङ च्याखुङ समस्टिको उपचुनाउका लागि मतदान कर्मीहरूको पहिलो यादृच्छिकी करण कार्यक्रम जिल्ला प्रशासनिक केन्द्र सोरेङमा आज गरियो ।

यसमा, उपलब्ध डाटाबेसवाट प्रत्येक वर्गमा कसैलाई पनि चयन गर्न सकिन्छ ।

निस्पक्षता र पारदर्शिता सुनिश्चित गर्ने Randomisation Portal द्वारा यो कार्य गरिन्छ ।

यस अवसरमा अन्य अधिकारीहरू वाहेक जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री धीरज सुबेदी उपस्थित हुनुहुन्थ्यो ।

---

## Nominations

यसैवीच सोरेङ च्याखुङ र नाम्ची सिंगिथाङ दर्ता गर्ने आज पाँचौ दिन कसैले पनि मनोनयन पत्र भरेनन् ।

स्मरण रहोस आजसम्म सिक्किम क्रान्तिकारी मोर्चा एस के एम पार्टीका प्रत्याशीहरू श्री आदित्य गोलेले सोरेङ च्याखुङवाट र श्री सतीश राईले नाम्ची सिंगिथाङ क्षेत्रवाट नामाङ्कन पत्र भर्नुभएको छ । नामाङ्कन बुझाउने अन्तिम मिति पच्चीस अक्तूवर हो ।

मनोनयन पत्रहरूको जाँच आउँदो सोमवार अठाइस अक्तूवरमा गरिनेछ भने उम्मेदवारहरूले तीस अक्तूवरसम्ममा आफ्नो नाउँ फिर्ता लिन सक्नेछन् ।

---

## SDF

सिक्किम प्रजातान्त्रिक मोर्चा एस डि एफ पार्टीले सोरेङ च्याखुङ र नाम्ची सिंगिथाङ समस्टिको उपचुनाउका लागि उम्मेदवारहरूका नाउँको घोषणा गरेको छ।

पार्टीद्वारा आज जारी प्रेस विज्ञप्ती अनुसार भण्डारी र नाम्ची सिंगिथाङवाट श्री डानियल राईले चुनाउ लड़नुहुनेछ।

विज्ञप्तीमा पार्टीले दुवै उम्मेदवारले सम्पूर्ण सिक्किमे जनताको प्रजातान्त्रिक आवाज बनेर प्रजातान्त्रको रक्षा र लोकहितमा निस्ठापूर्वक भूमिका निर्वाह् गर्नेछन् भन्ने विश्वास व्यक्त गरेको छ।

---

## Annexe Court Building Inauguration

मंगन जिल्ला अदालतको उप भवनको आज उद्धाटन गरियो।

सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति विश्वनाथ सोमद्दर मुख्य अतिथि रहनुभएको समारोहमा अन्य वाहेक न्यायाधीशहरू मिनाक्षी मदन राई, र न्यायाधीश भास्कर राज प्रधान अनि मन्त्रीहरू श्री भीमहाङ लिम्बु, श्री पिन्छो नाम्गेल लेप्चा र श्री राजु बस्नेत उपस्थित हुनुहुन्थ्यो।

समारोहमा बोल्दै मुख्य अतिथिले भन्नुभयो आम मानिसहरूले शीघ्र न्याय पाएको सुनिश्तित गर्नु न्यायपालकाको जिम्मेवारी हो।

सिक्किमको न्याय प्रणालीमा विश्वास व्यक्त गर्दै उहाँले न्यायिक अधिकारीहरूसित उपलब्ध सुविधाहरूको उपभोग गरेर मुग्गाहरूको प्राथमिकता अनुरूप छिनाफिना गर्ने आग्रह गर्नुभएको छ।

मंगन अदालतकी जिल्ला तथा सत्त न्यायाधीश सुश्री सुवर्ण राईले भन्नुभयो नयाँ उपभवन विशेष गरी, सम्वेदनशील तथा कमजोर गवाहीहरू अनि फास्ट ट्रेक र फेमिलि कोर्ट सम्वन्धी मुद्दाहरूका लागि तयार पारिएको छ।

दस हजार नौ सय चौवालिस वर्ग फीट क्षेत्रमा नवनिर्मित भवनले आधुनिक सुविधाहरू उपलब्ध गराएर क्षेत्रको कानुनी आवश्यकतालाई पूरा गर्ने आशा गरिएको छ।

---

## SMHA Meeting on menatal health

सिक्किम राज्य मानसिक स्वास्थय प्राधिकरणको एउटा बैठक हिजो गान्तोकमा बस्यो ।

स्वासथ्य तथा परिवार कल्याण विभागका सचिव ले अध्यक्षता गर्नुभएको बैठकमा सबै मानसिक स्वास्थ्य प्रतिस्ठआनहरूको  पञ्जीकरण गर्नुपर्ने, विभिन्न प्रकारका मानसिक स्वास्थ्य प्रतिस्ठआन केन्द्रहरूका  लागि गुणात्मक तथा सेवा प्रावधान  मानदण्ड विकसित गर्नुपर्ने र सबै मानसिक स्वास्थ्य व्यावसायीरूको पञ्जीकरण, जस्ता विषयहरूवारे चर्चा गरियो ।

यसमा बोल्दै सिक्किम मानसिक स्वास्थ्य प्रधिकरणकी मुख्य कार्यकारी अधिकारी डा. संगीता प्रधानले भन्नुभयो अहिले तीनवटा मानसिक स्वास्थ्य प्रतिस्ठआनहरू प्राधिकरणमा पञ्जीकृत छन् ।

बैठकमा मानसित स्वास्थ्यको महत्ववारे जोड़ दिँदै नशामुक्ति र पुनर्वास केन्द्रहरू लगायत सबै मानसिक स्वास्थ्य केन्द्रहरूको पञ्जीकरण प्रक्रियालाई सुविधाजनक बनाउनुपर्ने सुझाउ दिइएको छ ।

---

## Training

सुलभ स्कूल सेनिटेशन क्लब इण्डिया ले राज्यको शिक्षा विभागसिक मिलेर गान्तोकको पी एम श्री कन्या उच्चतर माध्यमिक देउराली पाठशालामा स्व्च्छता तथा सरसफाई सम्वन्धमा सुविधादताहरूका लागि सुविधा कौशल प्रशिक्षण आयोजन गरयो ।

यसमा राज्यका पच्चीसवटा सरकारी पाठशालाका शिक्षकहरू सहभागी बने ।

सुलभ स्कूल स्वच्छता क्लब दिल्लीको एउटा गैर सरकारी संगठन सुलभ अन्तरास्ट्रिय सामाजिक सेवा संगठनको एउटा, पहल हो ।

यसमा सरसफाई शिक्षाद्वारा बालिकाहरूलाई सश्क्त बनाएर सकारात्मक सामाजिक परिवर्तन ल्याउने प्रयाच गरिन्छ ।

---

PM Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आउँदो आइतवार सत्ताइस अक्तूवरका दिन आकाशवाणीको मन की बात कार्यक्रममा देश विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ ।

यो मासिक रेडियो कार्यक्रमको एक सय पन्ध्रौ प्रकरण हुनेछ ।

श्रोताहरूले 1800-11-7800 मा कार्यक्रमका लागि आफ्नो सुझाउ पठाउन सक्नेछन् ।

माई गभ, नमो ऐपमा पनि सुझाउ पठाउन सकिनेछ । सुझाउ पठाउने अन्तिम मिति पच्चीस अक्तूवर हो ।

कार्यक्रमको प्रसारण आकाशवाणी र दूरदर्शनका सम्पूर्ण नेटवर्कमा हुनेछ ।

कार्यक्रम आकाशवाणी समाचारको वेबसाइट र न्यूज अन ए आई आर एपमा पनि उपलब्ध रहनेछ ।